आज मिति २०७९।०३।०९ गतेका दिन दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको दोस्रो बैठक नगर प्रमूख श्री पुष्कर राज जोशीज्यूको अध्यक्षतामा संचालन गरियो । बैठकमा तपसीलको उपस्थितिमा देहायका निर्णहरू पारित गरियो ।

उपस्थिति

| सि.नं. | नाम,थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कुमारी कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा ०१ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर वोहरा | वडा ०२ अध्यक्ष | |
| ५ | श्री अजव बहादुर पाण्डे | वडा ०३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा ०४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा ०५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिह कार्की | वडा ०६ अध्यक्ष | |
| ९ | श्री हरि दत्त वडु | वडा ०७ अध्यक्ष | |
| १० | श्री चामु सिह थापा | वडा ०८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा ०९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिह विष्ट | वडा १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी विष्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बशन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देवी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री विनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री विक्रम बहादुर चन्द | सदस्य सचिव | |

CamScanner

**बैठकका प्रस्तावहरू :**

१. आ.ब. २०७९।८० को निति, कार्यक्रम तथा बजेट
२. आ.ब.२०७९।८० को आय व्यय प्रक्षेपण सम्बन्धमा ।
२. विविध विवषय सम्बन्धमा ।

**निर्णय नं. १ :** यस नगरपालिकाको बार्षिक योजना तथा बजेट तर्जुमा समितिको २०७९।०३।०६ गतेको बैठकबाट तयार गरिएको आ.ब. २०७९।८० को निति, कार्यक्रम तथा बजेट कार्यपालिकाबाट स्वीकृत गरि स्थानीय तह निर्वाचन पछिको प्रथम नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस नगरपालिकाको बार्षिक योजना तथा बजेट तर्जुमा समितिले आन्तरिक आय, राजश्व बाँडफाँड, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण र दातृ निकायबाट प्राप्त सहयोगका आधारमा तयार पारिएको आ.ब. २०७९।८० को तपसील अनुसारको आय व्ययको प्रक्षेपणलाई कार्यपालिका बैठकबाट स्वीकृत गरि स्थानीय तह निर्वाचन पछिको प्रथम नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**तपसील**

**आ.ब. २०७९।८० को आयको प्रक्षेपण**

| बजेट शिर्षक | विवरण | आ.ब. २०७९।८० को प्रस्तावित आय | कैफियत |
|---|---|---|---|
| | संघीय संचित कोषबाट प्राप्त हुने शशर्त अनुदान | ३३९५००००।० | |
| | संघीय वित्तीय समानीकरण अनुदान | १३३४००००।० | |
| | राजश्व बांडफांड | १०९१२०००।० | |
| | प्रदेश वित्तीय सामानीकरण अनुदान | ९५१६०००।० | |
| | सवारी साधन कर | २७४०००।० | |
| | प्रदेश समपुरक | ३४००००।० | |
| | विशेष अनुदान | २५००००।० | |
| | आन्तरिक आय | ७५००००।० | |
| | बैंक मौज्दात | २५००००।० | |
| | सामाजिक सुरक्षा | १५००००००।० | |
| | नगर विकास आन्तरिक ऋण | ३०३०३००।० | |
| | युनिसेफ | ६०००००।० | |
| | सडक बोर्ड | ५०००००००।० | |
| | जम्मा | ७९६०७९०००।० | |

## आ.ब. २०७९।८० को व्यय अनुमान

| सि.नं. | बजेट शिर्षक | विनियोजित बजेट | अक्षरेपी |
| --- | --- | --- | --- |
| १ | प्रशासासनिक खर्च | १०५,५००,०००।०० | दश करोड पछपन्न लाख |
| २ | समपुरक कोष | ४०,०००,०००।०० | चार करोड |
| ३ | शैक्षिक सुधार योजना | १७,०००,०००।०० | एक करोड सत्तरी लाख |
| ४ | स्वास्थ्य क्षेत्र | २,०००,०००।०० | बीस लाख |
| ५ | आयुर्वेद | १,०००,०००।०० | दश लाख |
| ६ | कृषि | १,५००,०००।०० | पन्ध्र लाख |
| ७ | पशु | १,५००,०००।०० | पन्ध्र लाख |
| ८ | भुक्तानी बांकी | ५,०००,०००।०० | पचास लाख |
| ९ | भैपरि आउने पूंजिगत खर्च | २,५००,०००।०० | पच्चीस लाख |
| १० | विपद व्यवस्थापन | २,५००,०००।०० | पच्चीस लाख |
| ११ | वडागत योजनाका लागि विनियोजित | २४,५००,०००।०० | दुई करोड पैतालिस लाख |
| १२ | न्यायिक समिति व्यवस्थापन | १,०००,०००।०० | दश लाख |
| १३ | महिला लक्षित कार्यक्रम | ३,५००,०००।०० | पैतिस लाख |
| १४ | बालबालिका लक्षित कार्यक्रम | १,०००,०००।०० | दश लाख |
| १५ | ज्येष्ठ नागरिक | ५००,०००।०० | पांच लाख |
| १६ | अपांग | ५००,०००।०० | पांच लाख |
| १७ | दलित लक्षित | २,८००,०००।०० | अठ्ठाईस लाख |
| १८ | हलिया तथ्यांक संकलन | २००,०००।०० | दुई लाख |
| १९ | आदिवासी जनजाती | ५००,०००।०० | पाच लाख |
| २० | युवा तथा खेलकूद | ३,२००,०००।०० | बत्तीस लाख |
| २१ | वडा गौरव योजना | ११,०००,०००।०० | एक करोड दश लाख |
| २२ | प्रधानमन्त्री रोजगार समपुरक | ५,५००,०००।०० | पछपन्न लाख |
| २३ | जगन्नाथ बहुमुखी क्याम्पस खेलमैदान | २,५००,०००।०० | पच्चीस लाख |
| २४ | सुतेगाड सदरमुकाम वृहत खा.पा.यो. | १,०००,०००।०० | दश लाख |
| २५ | नगर बस | ५,५००,०००।०० | पछपन्न लाख |
| २६ | ट्याक्टर | २,५००,०००।०० | पच्चीस लाख |
| २७ | सरसफाई सामाग्री खरिद | १,०००,०००।०० | दश लाख |
| २८ | सरसफाईकर्मी तालिम | ५००,०००।०० | पांच लाख |
| २९ | फोहोरमैला व्यवस्थापन | १,५००,०००।०० | पन्ध्र लाख |
| ३० | नगरपालिका प्रवेशद्वार निर्माण | ५७६,०००।०० | पांच लाख छिहत्तर हजार |
| ३१ | पूर्वाधार सुधार | १६,५००,०००।०० | एक करोड पैसठ्ठी लाख |
| ३२ | वित्तीय व्यवस्था | ५००,०००।०० | पांच लाख |
| ३३ | सघीय संचित कोषबाट प्राप्त शशर्त अनु | ३३९,५००,०००।०० | तेत्तीस करोड पन्चानब्बे लाख |
| ३४ | प्रदेश समपुरक योजना | ३,४००,०००।०० | चौंतिस लाख |
| ३५ | प्रदेश विशेष अनुदान योजना | २,५००,०००।०० | पच्चीस लाख |
| ३६ | सामाजिक सुरक्षा | १५०,०००,०००।०० | पन्ध्र करोड |
| ३७ | नगर विकास आन्तरिक ऋण | ३०,३०३,०००।०० | तिस लाख तीस हजार तिनसय |
| ३८ | यूनिसेफ | ६००,०००।०० | छ लाख |
| ३९ | सडक बोर्ड | ५,०००,०००।०० | पचास लाख |
| | जम्मा | ७९६,०७९,०००।०० | उनासी करोड साठी लाख उनासी हजार |

आ.ब. २०७९।८० को चालु बजेटको व्यय अनुमान

| क्र.सं. | क्रियाकलापको नाम | २०७९।८० को अनुमान | अक्षरूपी |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ३९,२५०,०००।०० | तिन करोड बयानब्बे लाख पचास हजार |
| २ | पोशाक | ८००,०००।०० | आठ लाख |
| ३ | स्थानीय भत्ता | १,६००,०००।०० | सोह्र लाख |
| ४ | महंगी भत्ता | १,६००,०००।०० | सोह्र लाख |
| ५ | कर्मचारी प्रोत्साहन तथा पुरूस्कार | ( | |
| ६ | पदाधिकारी बैठक भत्ता | ८००,०००।०० | आठ लाख |
| ७ | पदाधिकारी अन्य सुविधा | १२,५००,०००।०० | एक करोड पच्चीस लाख |
| ८ | पदाधिकारी भर्मण खर्च | १,५००,०००।०० | पन्ध्र लाख |
| ९ | कर्मचारी कल्याण कोष | ३,५००,०००।०० | पैतिस लाख |
| १० | पानी तथा बिजुली | ३००,०००।०० | तिन लाख |
| ११ | संचार महसुल | ३५०,०००।०० | तिन लाख पचास हजार |
| १२ | इनधन कार्यालय प्रयोजन | २,३००,०००।०० | तेईस लाख |
| १३ | सवारी साधन मर्मत खर्च | १,८००,०००।०० | अठार लाख |
| १४ | बिमा तथा नवीकरण | ६५०,०००।०० | छ लाख पचास हजार |
| १५ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ३५०,०००।०० | तिन लाख पचास हजार |
| १६ | मसलन्द तथा कार्यालय सामग्री | ७,२५०,०००।०० | बहत्तर लाख पचास हजार |
| १७ | ११ वटै वडाहरूका लागि प्रशासनिक खर्च | २,७५०,०००।०० | सत्ताईस लाख पचास हजार |
| १८ | इनधन अन्य प्रयोजन | ३००,०००।०० | तिन लाख |
| १९ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | १,०००,०००।०० | दश लाख |
| २० | करार कर्मचारीको तलब | ११,५००,०००।०० | एक करोड पन्ध्र लाख |
| २१ | सुचना प्रणाली तथा सफ:टवेयर संचालन खर्च वडाहरूमा इन्टरनेट जडान | ६००,०००।०० | छ लाख |
| २२ | अन्य सेवा शुल्क सदस्यता शुल्क | ( | |
| २३ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी खर्च | ५००,०००।०० | पांच लाख |
| २४ | कार्यकम खर्च सार्वजनिक सुनुवाइ | २५०,०००।०० | दुई लाख पचास हजार |
| २५ | अवलोकन भ्रमण | १,५००,०००।०० | पन्ध्र लाख |
| २६ | भ्रमण | २,०००,०००।०० | बीस लाख |
| २७ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २००,०००।०० | दुई लाख |
| २८ | सरूवा भ्रमण खर्च | ३००,०००।०० | तिन लाख |
| २९ | विविध खर्च | २,५००,०००।०० | पच्चीस लाख |
| ३० | सभा सञ्चालन खर्च | २५०,०००।०० | दुई लाख पचास हजार |
| ३१ | अन्य संस्था सहायता अनुदान | ५००,०००।०० | पांच लाख |
| ३२ | आर्थिक सहायता | ८००,०००।०० | आठ लाख |
| ३३ | मेसिनरी औजार उपकरण खरिद | १,०००,०००।०० | दश लाख |
| ३४ | फर्निचर तथा फिक्चर्स | १,०००,०००।०० | दश लाख |
| ३५ | परामर्श खरिद | २,५००,०००।०० | पच्चीस लाख |
| ३६ | भाडा | १,५००,०००।०० | पन्ध्र लाख |
| | जम्मा | १०५,५००,०००।०० | एककरोड पछपन्न लाख |

# दशरथचन्द नगरपालिकाको नीति तथा कार्यक्रम
## आर्थिक वर्ष २०७९/०८०



CamScanner

## दशरथचन्द नगरपालिकाको आगामी आ.व.०७९/८० को लागी नीति तथा कार्यक्रम

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**

**"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र भौतिक पुर्वाधार ।**
**सुशासन, जनमुखी प्रशासन, समृद्ध दनपाको मूल आधार" ॥**

द.न.पा ले परिकल्पना गरेको मूल नारा अनुसार दशरथचन्द पालिकाको आर्थिक वर्ष २०७९।०८० को वजेट तथा कार्यकम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरवान्वीत भएको छु । आजको यो ऐतिहासिक अवसरमा सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त वलिदान गर्नुहुने, महान शहिद दशरथचन्द, २००७ साल देखि २०१७ सालसम्म भएका आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, जनआन्दोलन र हरेक न्याय, समानता, राष्ट्रियता, गणतन्त्र र जनजिविकाका पक्षमा भएका आन्दोलनको क्रममा भएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधिनता र स्वाभिमान, लोकतन्त्र, संघीयता जनजीविका, सुशासन र समृद्धि प्राप्तिका आन्दोलनका अगुवा, घाईते तथा अपांगता भएका व्यक्तिहरु, नागरिक समाज, सञ्चार जगत र आम जनसमुदायप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ अनुसार बिक्रम सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न दोश्रो स्थानीय तह सदस्य निर्वाचनमा नगरवासीवाट हामीलाई विश्वास गरि अमूल्य मत प्रदान गरी विजयी वनाउनु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै दशरथचन्द नगरवासी आमा, बुवा, दाजुभाई, दिदिबहिनीहरु लगायत सबैमा हार्दिक धन्यबाद प्रकट गर्दछु । यस स्थानीय तहको निर्वाचन प्रक्रियावाट जन अनुमोदित भई राष्ट्रिय स्वाधिनता, लोकत्रान्त्रिक गणतन्त्र, सुशासन र दिगो शान्तिसंगै यस नगरको विकास र समृद्धिका लागि नगरपालिकाको सम्मानित ऐतिहासिक प्रथम नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा हामीलाई गौरव महसुस भएको छ ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमं तर्जुमा गर्दा मैले स्थानिय सरकार संचालन ऐन-२०७४, नेपाल सरकार तथा प्रदेश सरकार बाट विभिन्न मितिमा जारी गरिएका नीति, मार्गदर्शन, तथा सुझाव ,यस दशरथचन्द नगरपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधी, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितीको बैठकको निर्णय, नगरकार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय र नगरपालिकाका प्रमुखज्युको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान-२०७२, प्रचलित ऐनकानून र मार्ग दर्शनको अनुसरण गर्दै जनताका आधारभूत आवश्यकता तथा प्राथमिकतालाई ध्यान दिइ आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

अत : मानवीय मूल्य र मान्यतालाई आत्मसात गर्दै, सभ्यता र संस्कृतीको प्रवर्द्धन गर्दै, सुशासन एवं जनमुखि प्रशासन र समृद्ध द.न.पा.को मूल आधार वनाउने लक्ष्यका साथ सम्पन्न गरिने "छुवाछुत मुक्त, पूर्ण साक्षरयुक्त, पुर्ण सरसफाई युक्त एवं खुला दिशामुक्त, पूर्ण खोप युक्त, लैंगिक मैत्री, बाल मैत्री,

युवा मैत्री, वातावरण मैत्री, अपांग मैत्री, दशरथचन्द नगरपालिका" बनाउने अभियानहरुलाई थप प्रवर्द्धन गर्न तर्जुमा गरिएको यस नीति तथा कार्यक्रमको प्राथमिकता देहाय बमोजिम रहेको छ।

- संस्थागत विकास तथा सुशासन ।
- दीर्घकालीन विकासका रणनीति प्रति लक्षित ।
- हामीले निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिबद्धतामा आधारित ।
- स्थानिय श्रम र श्रोतको अधिकतम प्रयोगलाई प्राथमिकता ।
- सहभागीतात्मक योजना तर्जुमा प्रकृयामा आधारित ।
- आर्थिक विकास र मानवीय विकास प्रति लक्षित ।
- दनपाको पहिचान उचो राख्न प्रतिबद्ध ।
- सार्वजनिक निजि साझेदारी प्रवर्द्धनमा जोड ।
- कृषिमा आत्मनिर्भरता।
- व्यवस्थीत पुर्वाधार विकास।
- गरीवी न्युनिकरण लक्षित कार्यक्रम।
- गुणस्तरीय तथा व्यवसायीक शिक्षाको विकास।
- आधारभूत र आकस्मीक स्वस्थ्य सेवामा नागरीकको पहुँच स्थापना।
- स्वरोजगार उन्मुख कार्यक्रम सन्चालन
- सूचना प्रविधि मैत्री प्रशासनको विकास

उल्लेखित प्राथमिकताका क्षेत्रलाई आत्मसात गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि देहाय बमोजिमका प्रमुख नीतिहरु अवलम्वन गरिएको छ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

नगरसभाका सदस्य ज्यूहरु,

- विकास व्यवस्थापनका दृष्टिले पछाडी परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिएको छ। सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सूचकका आधारमा श्रोत साधनको बाडफाड गर्ने नीति अवलम्वन गरिनेछ।

**क) समाबेसी लोकतन्त्रको आधार,**
**शुसासन सहित जनउत्तरदायी नगर सरकार**

- दशरथचन्द नगरपालिकालाई भ्रस्ट्राचारमूक्त, पारदर्शी, शुसासनयुक्त, जवाफदेहिता भएको निश्पक्ष र जनउत्तरदायी बनाईने छ। भ्रस्ट्राचार प्रति शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ।
- स्थानिय शासनमा जनसहभागीता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानिय सरकारको भुमिका निर्वाह गरिने छ।

- कर्मचारीको कार्य व्यवहार जनमैत्री, सुशासनयुक्त तथा पारदर्शी वनाउने, संगठन संरचना र दरवन्दी सम्वन्धी कार्यबिवरण कार्यान्वयन गर्ने, नतिजामा आधारित कार्यसम्पादन र प्रोत्साहन प्रणाली अबलम्वन गरिने छ र तत्तत् विषयलाई ध्यानमा राखी सुशासनलाई पुर्ण कायम गर्ने नीति अवलम्वन गरिने छ यि बिषय संस्थागत बिकास तथा सुशासन सम्वन्ध नितिमा समाबेश गरिने छ ।
- दशरथचन्द नगरपालिका भित्र दरवन्दी अनुसार कर्मचारीहरुको रिक्त दरवन्दीमा पदपुर्ति गर्नको लागी लोकसेवा आयोगलाई सिफारिस गरिने छ र थप कर्मचारीको आबश्यकता परे ONM अनुसार नियुक्त गरिने छ ।
- दनपाको सर्वाङ्गीण बिकासको लागी **अल्पकालिन तथा दीर्घकालिन गुरुयोजना, रणनितिक योजना, र प्रोफायल** तयार गरिनेछ र दीर्घकालीन दृष्टिकोण सहित नगरको समग्र विकासको खाका तय गरी कार्यान्वयनका लागि वृहत्तर नगर विकास गुरुयोजना तर्जुमा गर्ने सोही दृष्टिकोण अनुरुप आगामी दिनमा विकासका क्रियाकलापहरु अगाडि बढाईने छ ।
- यस नगरपालिकाबाट संचालन गरिने १० लाख भन्दा माथिका खरिद प्रकृया एवं निमार्ण कार्य ठेक्का मार्फत संचालन गरि E– Bidding प्रक्रिया बाट कार्यान्वयन गरिनेछ ।
- दशरथचन्द नगरपालिकामा रहेका कर्मचारीहरुको क्षमता बिकास गरिने छ ।
- दशरथचन्द नगरपालिका भित्रका सार्वजनिक सरोकारका सवालमा नगरवासीहरुको सल्लाह, सुझाव, गुनासा, पीरमार्का सुन्न, बिकासको काममा गुणस्तरहीन सामग्री प्रयोग गरिरहेको, कहि कमसल सामग्री प्रयोग गरिरहेको, कर्मचारीबाट ढिलासुस्ती पाईएमा त्यस्ता समस्या सामाधान गर्न **हलो मेयर कार्यक्रम** संचालन गरिने छ ।
- उद्यमसिल महिला सगं उपमेयर कार्यक्रम संचालन गरिने छ ।
- दातृ निकाय युनिशेफ (UNICEF Nepal) को सहयोगमा यस नगरपालिकाको पञ्चबर्षिय आवधिक योजना (Priodic Plan) र नगर पार्श्वचित्र (Municipality Profile) निमार्णका लागी आवश्यक पहल गरिनेछ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

**नगरसभाका सदस्य ज्यूहरु,**

**अब म शिक्षा क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**ख). नगरपालिका निर्माणको आधार**

**गुणस्तरीय शिक्षा, आधुनिक शैक्षिक पूर्वाधारः**

- गुणस्तरिय शिक्षाको लागी बिद्यालयमा सुशासन, जिम्मेवार र सक्षम बिद्यालय ब्यबस्थापन समिति, शिक्षक, बिद्यार्थी र अभिभावकको भुमिका सहित बिद्यालय शिक्षामा सुधार गरिने छ ।



CamScanner

- सबै बिद्यालयमा ई-लाईब्रेरी स्थापना गर्ने, बिद्यालयमा खानेपानी, शौचालय, फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री प्रयोगशाला र खेलकुदको व्यवस्था गरिने छ।
- बिद्यालय बाहिर रहेका केही वर्ष अध्ययन गरेर छोडेका, फरक क्षमता भएकाहरुका लागि वडागत रुपमा शिपमुलक तथा आयमुलक तालिम संचालन गरिने छ।
- प्रत्येक वडामा सामुदायिक सिकाई केन्द्र स्थापना गरिने छन।
- माध्यमिक बिधालयहरुका **बिद्यार्थी संग मेयर कार्यक्रम** संचालन गरिने छ।
- नगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुको भौतिक पूर्वाधारहरुको अवस्था संकलन गरी भवन, खानेपानी, शौचालय, खेलमैदान, घेरपर्खाल, बालउद्यान, तथा बालमैत्री शिक्षाको पूर्वाधार निर्माण सम्पन्न गरिनेछ।
- विद्यार्थीको स्वास्थ्य अवस्थालाई ख्याल गरी कम्तिमा बर्षको २ पटक विद्यालयमै स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ।
- स्थानीय स्तरमा शैक्षिक गुणस्तर र पहुँच सुनिश्चित गर्न नमूना विद्यालय मापदण्ड तयार गरि सो अनुरुप **"नमूना विद्यालय"** निर्माणको कार्य प्रारम्भ गरिने छ।
- जिल्ला शिक्षा सम्मन्वय ईकाइसँग सम्मन्वय गरि शिक्षकहरुको क्षमता बृद्धि गर्न बिभिन्न तालिमहरु संचालन गरिने छन्।
- दशरथचन्द नगरपालिका भित्र रहेका शिक्षक, विद्यालयमा कार्यरत कर्मचारी र बिधालय व्यबस्थापन समितिहरुको क्षमता बृद्धि गराइने छ।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिई स्थानीय स्तरमा प्राविधिक जनशक्ति उत्पादनमा जोड दिदैं लक्षित वर्गको प्राविधिक शिक्षामा पहुँच बढाउन जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।
- नगर क्षेत्रमा रहेका विद्यालयहरुमा संचालन भैरहेका प्राविधिक शिक्षाको अवस्था बारे अध्ययन गरि सुधारका लागि आवश्यक नीति लिईने छ।
- निरक्षरलाई साक्षर बनाउन सामुदायिक अध्ययन केन्द्र, स्वयंसेवक तथा विद्यार्थीहरु परिचालन गरी साक्षर नगरको मापदण्ड पूरा गर्दै नगरपालिकालाई पूर्ण साक्षर नगर कायम राखिने छ।
- सामुदायिक तथा संस्थागत विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने छात्रछात्राहरुलाई पुरस्कृत गर्ने कार्यको थालनी गरिने छ।
- नगर क्षेत्रमा सुविधा सम्पन्न सार्वजनिक पुस्तकालय निर्माणको कार्य थालनी गरिने छ।
- नगर क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान र विद्यालय मर्जको कार्यलाई निरन्तरता दिइने छ।
- माध्यमिक तहका विद्यार्थीहरुलाई दैनिक पठनपाठनको अतिरिक्त खेलकुद लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप प्रतियोगिता, उपमेयर कप प्रतियोगिता** जस्ता विभिन्न **खेलकुद तथा सांस्कृतिक महोत्सवलाई** निरन्तरता दिदैं आधारभूत तहमा समेत संचालन गरिने नीति अवलम्बन गरिनेछ।
- आमाबुवा नभएका संरक्षकको जिम्मामा अध्ययन तथा पालन पोषण भईरहेका अनाथ बालबालिकाहरुको अध्ययन, अध्यापनको ग्यारेन्टी गरिनेछ।

ग).सामाजिक आर्थिक रुपान्तरणको आधार

**नगरपालिका व्यापि यातायात र पूर्वाधार**

- नगरपालिकाका सबै वडा केन्द्रसम्म पुगेका सडकहरुको स्तरोन्नती गरिने छ बाकी रहेका टोल बस्तीहरुमा सडक पुर्याइनेछ ।
- संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरि नगरपालिका क्षेत्र भित्रका प्रमुख सडकहरु कालोपत्रे गर्न पहल गरिने छ ।
- नगरपालिका भित्र **नगर बस सेवा** संचालन गरिने छ ।
- सडकहरुमा नगर क्षेत्र भित्र भएका सडकहरुको अधिकार क्षेत्र Right Toward छुट्याउनु पर्ने

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**

**अब म स्वास्थ्य क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**घ) स्वस्थ नागरिक जिम्मेवार नगर सरकार**

- महिला र बालबालिका, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता, असहाय र विपन्न नगरवासीहरुको निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा प्रदानका लागि ६/६ महिनामा **स्वास्थ्य शिविर** संचालन गरिनेछ ।
- सबै नागरिकलाई अनिवार्य स्वास्थ्य विमामा आवद्ध गरिने छ । गरिबीको रेखा मुनी रहेका नागरिकको लागि ५० प्रतिशत विमा शुल्क स्थानीय सरकारले व्यहोर्ने छ ।
- प्रत्येक वडामा दक्ष जनशक्ति, औषधि उपकरण, प्राविधि र स्वास्थ्यकर्मी सहितका स्वास्थ्य चौकी, प्रत्येक टोलमा खोप सेवा, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवा संचालन गरिने छ ।
- कुपोषणमुक्त नगरपालिका बनाउने गरि पोषण कार्यक्रम संचालन गरिने छ र गर्भवति तथा सुत्केरीलाई पोषण सहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढंगले उपलब्ध गराईने छ ।
- दुई बर्ष मुनिका बाल बालिका हरुको शत प्रतिशत वृधि अनुगमन गराई कुपोषण न्युनिकरण गर्न स्वस्थ्य आमासमुह बैठकमा स्वास्थ्य कर्मि परिचालन गरिने छ ।
- किशोरीहरुलाई आइरन चक्कि वितरण सम्बन्धी स्वास्थ्य संस्था प्रमुख, शिक्षक, स्वास्थ्य संयोजक, शिक्षा संयोजक सहित पालिका स्तरमा १ दिने समिक्षा कार्यक्रम सँचालन गरिने छ ।
- खानामा विविधिकरणका लागि हजार दिनका आमा र पुरुष लाई अन्तरकृया र खाद्य वस्तु प्रर्दशनी गरिने छ ।
- स्वास्थ्य व्यवस्थापन समितिको बैठक नियमिति गरिने छ ।
- व्यायाम योग र मनोरञ्जनलाई जीवनशैलीको अंग बनाउन सार्वजनिक रुपमा व्यायाम र मनोरञ्जन केन्द्र संचालन गरिने छ ।

- जेष्ठ नागरिक, विपन्न परिवारका व्यक्ति, अपागंता भएका व्यक्तिलाई स्वास्थ्य सेवा निःशुल्क र सहज उपलब्ध गराईने छ ।
- दशरथचन्द नगरपालिकाले २४ सै **घण्टा** सुबिधा सम्पन्न चल्ने **एम्बुलेन्स सेवा तथा गर्भवती सुत्केरी सेवामा** सबैको पहुचमा अभिबृद्धिसहित बिशेष समुह, लक्षित समुहलाई पुर्ण निःशुल्क उपचार तथा परामर्स सेवा प्रदान गरिने छ।
- दनपामा पुर्ण निःशुल्क **शब बाहनको** व्यवस्था गरिने छ ।
- घर-घरमा स्वास्थ्य सेवा पुऱ्याउनको लागि अति आवश्यक ठाँउमा नगर स्वास्थ्य केन्द्र स्थापना गरिनेछ ।
- प्रत्येक टोल-टोलमा गाँउघर Clinic सेवा र प्रसुतीसेवा केन्द Birthing centre स्थापना गरिनेछ र नगरपालिका क्षेत्र भित्र **घुम्ति स्वास्थ्य सेवा सिविर** सञ्चालन गरिनेछ ।
- **महिला स्वय सेविकाहरुको** कामको  आधारमा नगर पालिकाले बार्षिक रुपमा सम्मान स्वरुप पुरष्कृत गरिने छ ।
- विपन्न नागरिक सहायता कोष स्थापना गरी गरीब असहाय एकल महिला/पुरुष लगायत सम्पुर्ण विपन्न नागरिकहरुको स्वास्थ्य उपचारका लागी व्यवस्थापन गरिने छ ।
- नगरभित्र रहेका शारिरिक मानसिक रुपमा रहेका अशक्त तथा अपाङ्गहरुको पहिचान गरी राहत कार्यक्रमको निति अबलम्बन गरिने छ ।
- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिइनेछ । ज्येष्ठ  नागरिकहरुको विविध अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरिनेछ । ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय वनाउन **"ज्येष्ठ नागरिक : एक वडा, एक मिलन केन्द्र"** संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको **स्वास्थ्य परिक्षण शिविर** र सहायता सामग्री वितरण कार्यक्रमहरुसंचालन गरिनेछ।
- सबै नगरवासीहरु स्वस्थ्य रहने वातावरण सिर्जना गरिने छ ।
- बाल तथा मातृ पोषणमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुनौला हजार दिन कार्यक्रमलाई निरन्तरता दिदै **मातृ तथा नवशिशु कार्यक्रम** संचालन गरिनेछ । स्वास्थ्य संस्था मार्फत प्रसुति सेवालाई विस्तार गर्न **प्रसुति केन्द्र** विस्तारको नीति लिइनेछ ।
- गर्भवती जाँच, पूर्ण संस्थागत प्रसुति र सुत्केरी सेवा प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- शारीरिक तथा मानसिक स्वास्थ्यको लागि योग, व्यायाम, ध्यान गर्न सार्वजनिक स्थानमा विभिन्न सामाजिक संस्थाहरुसंगको सहकार्यमा **नगर योग केन्द्र** संचालन गरिनेछ ।
- नसर्ने रोग (मुटु रोग, क्यान्सर, उच्च रक्तचाप, दम, मधुमेह) न्यूनिकरणका लागि व्यापक सचेतनामूलक कार्यक्रम संचालन गर्ने तथा सो रोगबाट पिडितहरुलाई उपचार व्यवस्थापनका लागि आवश्यक सहयोग गरिने छ ।



CamScanner

- महिलाहरुको आंग खस्ने, पाठेघरको क्यान्सर लगायतका रोगको उपचारका लागि स्वास्थ्य कार्यालय, जिल्ला अस्पतालको लगायतका संस्थाहरुसंगको साझेदारीमा महिला स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटीसंग सहकार्य गरी **रक्त संचार केन्द्रलाई** संचालनमा ल्याउन विशेष पहल गरिनेछ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**
**अब म कृषि तथा पशुपन्छी क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**ङ) कृषि तथा पशुपन्छी क्षेत्रको विकास एवम् प्रवर्द्धन:**

- कृषि क्षेत्रलाई थप आधुनिकीकरण, यान्त्रीकरण, विविधिकरण तथा व्यावसायीकरण गरी उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिइनेछ साथै **"हाम्रो उपभोग्य वस्तु हाम्रो उत्पादन"** अभियान संचालन गरिनेछ ।
- स्थानीय उत्पादनलाई बजारीकरणका लागि **"भरोसा कृषि प्रवर्द्धन कार्यक्रम"** संचालनमा ल्याइनेछ ।
- एकिकृत फलफुल, तरकारी तथा कृषि उपज बजार संकलन गर्न आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कृषकहरुको उत्पादन र प्रतिफलको आधारमा कृषि अनुदान दिने नीति अवलम्बन गरिने छ, यसका लागि सहकारी, तरकारी तथा फलफुल सहुलियत पसल संचालन गर्न प्रोत्साहन गरिनेछ र कृर्षि सहकारीको माध्यमबाट कृषकहरुले उत्पादन गरेको कृषि उत्पादन क्षेत्रमा कृषि बजारको ब्यबस्थापन गरि कृर्षि प्रदर्शनी मेलाको आयोजना गरिने छ ।
- संघ, प्रदेश सरकार, निजी तथा सहकारी संस्थाहरुसँगको साझेदारीमा तरकारी, फलफुल, बीउ विजनका लागि आवश्यक पर्ने आधुनिक **कोल्ड स्टोर** निर्माणको कार्य अगाडि बढाइनेछ । आवश्यकताको आधारमा नगरपालिका भित्र **कोल्ड स्टोर ( चिस्यान केन्द्र)** स्थापना गरिने छ ।
- **एक गाउँ-एक खेती नीति** अवलम्वन गर्ने हिसाबले माटो परीक्षण गरि उत्पादनको आधारमा **कृषि पकेट क्षेत्र** निर्माण गरी व्यसायिक कृषि खेति सञ्चालनमा ल्याइनेछ ।
- कृषि तथा पशुपन्छी क्षेत्रमा व्यवसायिक रुपले कार्यरत व्यवसायिक किसानहरुको तथ्यांक संकलन गरी निश्चित मापदण्डका आधारमा व्यवसायिक किसानको परिचयपत्रको व्यवस्था गर्दै विषयगत रुपमा स्थानीय श्रोत तयार गरिनेछ ।
- आधुनिक र व्यवसायिक पशुपालनमार्फत आत्मनिर्भर एवम् रोजगारी सिर्जना गरिने छ ।
- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिमा जोड दिदैं थोपा सिंचाई, ग्रीन हाउस, टनेल, लिफ्ट इरिगेशन लगायतका प्रविधिको विस्तार गरिनेछ ।



CamScanner

- सुधारिएको गोठ निर्माण, पशु आहार र घाँसको उत्पादन गरी उन्नत नश्लका पशुपन्छी उत्पादन गर्न निःशुल्क नश्ल सुधार कार्यक्रम संचालन गरी उन्नत नश्लको व्यवसायिक पशुपन्छीपालनका लागि आवश्यक व्यवस्थापन गरी कृषकहरुलाई सहयोग पुऱ्याइनेछ ।
- कृषि-पशुपंक्षी व्यवसायलाई सुरक्षित र भरपर्दो बनाउन **कृषि र पशुपंक्षि विमा** लागू गरिने छ ।
- बादर, वन्यजन्तु अतिक्रमणलाई नियत्रण गर्ने उपायको खोज अनुसन्धान गर्ने कार्यमा पहल गरिने छ ।
- दुध, फुल र मासु उत्पादनमा बृदि गरि द.न.पा. लाई आत्म निंभर बनाइनेछ ।
- **एक टोल-एक कृषि समूह नीति** ल्याइ व्यवसायिक कृषि पशुपंक्षीपालनका रुपमा विकास गरी प्रत्येक कृषकलाई उद्यमशीलताको रुपमा विकास गरिनेछ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**
**अब म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**महिला तथा बालबालिका**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।
- महिला समूहहरुको सशक्तिकरणका लागि **"महिला सशक्तिकरण कार्यक्रम"** संचालनमा ल्याइनेछ ।
- लैङ्गिक तथा सामाजिक हिंसा कम गर्न शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ । लैङ्गिक हिंसामा परेका अति विपन्न, असहाय, महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा सामाजिक रुपले वंचितिकरणमा परेकाहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, जनजाती, पछाडि पारिएका वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, विपन्न, सीमान्तकृत जस्ता लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन र लैङ्गिक विभेद मुक्त नगरपालिका निर्माणका लागि आर्थिक सशक्तिकरण, कल्याणकारी, आयमूलक कार्यक्रमका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विशेष कार्यक्रम संचालन गरिनेछ ।
- जातीय विभेद तथा सामाजिक कुरीतिहरु न्यूनिकरणका लागि संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- किशोर किशोरीहरुका लागि जीवनोपयोगी शिक्षा र आत्म सुरक्षा तालिम दिनुका साथै विद्यालयविमुख किशोरीहरुका लागि आयमूलक कार्यक्रम संचालन गरिनेन छ ।
- अपाङ्गता भएका व्यक्तिलाई कृत्रिम हात खुट्टा र सहायक सामग्री उपकरणहरु वितरणको व्यवस्था गरिनेछ ।
- विभिन्न किसिमका हिंसा पिडित महिला तथा बालबालिकाको लागि आश्रय स्थल सहितको अल्पकालिन सेवा केन्द्र संचालन गरिनेछ ।

- बेसहारा तथा असहाय ज्येष्ठ नागरिक, टुहुरा बालबालिका र एच.आइ.भी. संक्रमित बालबालिकाको सहज जीवनयापनका लागि सहयोग गरिनेछ ।
- लैङ्गिक हिंसा न्यूनिकरणका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ ।
- युवा संजाल गठन गरी लागू औषध सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकालाई बालमैत्री बनाउनका लागि बालमैत्री स्थानीय शासनका चरणहरु अवलम्बन गर्न आवश्यक नीति लिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज तुल्याउन थप बैंकहरुसंग सहकार्य गरिनेछ ।
- नागरिकहरुलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गरी पूर्ण घटना दर्ता नगरपालिका घोषणा गरिनेछ ।
- समुदाय प्रहरी साझेदारी कार्यक्रमको माध्यमबाट सुरक्षित अभियान संचालनमा ल्याइनेछ ।
- विभिन्न सरोकारवाला र नागरिक समाज संस्था परिचालन गरि नगर क्षेत्रमा हुने आत्महत्या, बालविवाह, महिला हिंसा, छाउपडी, बहुविवाह, घरेलुहिंसा जस्ता कुसंस्कृतिहरु न्यूनिकरण गर्ने र लागू औषध नियन्त्रण गरिनेछ ।
- हिंसा प्रभावित महिलाहरुको सुरक्षाथ **महिला सुरक्षा गृह र बृद्धहरुका लागी सुरक्षित आवास सहित** निःशुल्क स्वास्थ उपचारको व्यबस्था गरिने छ, आवासका लागी बिभिन्न संघ संस्थाहरु संग समन्वय गरिने छ र निःशुल्क कानुनी परामर्श सहितको आवास संचालनको व्यबस्था गरिने छ ।
- महिला र पुरुषको नाममा संयुक्त लालपुर्जा दिने व्यबस्थालाई निरन्तरता गर्न पहल गरिने छ ।
- महिलाहरुको क्षमता अभिबृद्धि गर्न महिला शसक्तिकरण कार्यक्रम संचालन गरिने छ
- अनाथ बालबालिकाहरुका लागी निःशुल्क शिक्षा, स्वास्थ उपचारको व्यबस्था गरि बालगृह निमार्ण गर्नको लागी पहल गरिने छ ।
- दशरथचन्द नगरपालिका भित्र स्वास्थ्य, शिक्षा, महिला वालवालिका, किशोर किशोरी, अपाङ्गता, युवा तथा खेलकुद का क्षेत्रमा दातृ निकाय UNICEF , UNFPA राट्रिय एवं अर्न्तराष्ट्रिय सघं सस्थांको सहयोग तथा साझेदारीमा संचालित कार्यक्रमहरु लाई अगाडी बढाइनेछ ।
- अविवाहित तथा श्रीमानले छोडेका संरक्षक विहिन एकल महिला तथा एकल पुरुषहरुको पहिचान गरि जिवन निर्वाहको व्यवस्था गरिनेछ ।

**छ) दलित**

- द.न.पा.लाई पूर्ण रुपमा जातीय भेदभाव तथा छुवाछूत मूक्त पालिका घोषणा गरिने छ र बिभेद रहित समाजको निर्माण गरिने छ ।
- अत्यन्त न्यून आर्थिक अवस्था भएका दलित समुदायहरूलाई सशक्तिकरण गरी उद्यमशीलताको वातावरण सृजना गर्न विशेष प्रोत्साहनका कार्यक्रम ल्याइने छ र जस्ले स्वरोजगार बनाउने छ ।



CamScanner

- दलितको हकमा व्यवस्था गरिएका निःशुल्क शिक्षा, स्वास्थ्य, समानुपातिक समावेशी सिद्धान्त अनुरुप सहभागिता, आवास र भूमिको व्यवस्था, परम्परागत पेशा व्यवसायको संरक्षण लगायतका विषयमा सक्रिय रुपमा काम गरिने छ ।

**ज) जनजाती**

- आर्थिक अबस्था कमजोर भएको जनजातीहरुलाई बिशेष रोजगारमुलक कार्यक्रमको व्यबस्था गरि हरेक क्षेत्रमा क्षमता अभिबृद्धि तथा सम्मानजनक पँहुचलाई सुनीश्चत गरिने छ र समानुपातिक समाबेशीको आधारमा रोजगारीको सुनिश्चितता गर्न पहल गरिने छ ।

**झ) छुट मुक्त हलिया :**

- दनपा भित्र रहेका छुट मुक्त हलियाहरुको तथ्याङ्क संकलन गरि, त्यसको बर्गीकरण गरि परिचय पत्र सहित पुनः स्थापना गर्न पहल गरिने छ ।

**ञ) भुमिविहीन सुकुम्बासी अव्यवस्थित बसोबासी :**

- दनपा भित्र रहेका भुमिहिन सुकुमबासीहरुको तथ्याङ्क संकलन गरि भुमि सम्वन्धि समस्या आयोगसगँग समन्वय गरि जग्गाधनि बनाउन पहल गरिने छ ।

**ट) नगर आवास कार्यक्रम :**

- द.न.पा. भित्र रहेका बिपन्न दलित तथा अन्य बिपन्न बर्गहरुको लागि नगर आवास कार्यक्रम सुरु गरिने छ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**

**अब म सिचाइ सम्वन्धी निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**छ. सिचाई तथा खानेपानी**

- नगरपालिकाको सम्पूर्ण कृषियोग्य जमिनमा आधुनिक सिंचाई प्रणालीबाट सिंचाई पुग्ने गरी पूर्वाधार निर्माण गरिने छ ।
- पुराना सिंचाई कुलो, पोखरीहरु लाई मर्मतसंभार संचालन गरीने छ र सबै सिंचाईहरुलाई सूचिकृत गरिने छ ।
- सौर्य उर्जा तथा अन्य प्रविधीमा आधारित लिफ्ट सिंचाई संचालन गर्न पहल गरिने छ ।
- पानीको श्रोत कम भएका स्थानहरुमा आकाशे पानी संकलन, थोपा तथा फोहरा सिंचाई तथा प्लाष्टिक पोखरीको व्यवस्था मिलाईने छ ।
- खानेपानी तथा सरसफाइ स्वस्च्छताका क्रियाकलापहरु प्रत्येकका घर-घरमा पुऱ्याउने उद्धेश्यले सम्पूर्ण नगरपालिका भित्र **एक घर-एक धारा नीति** भित्र खानेपानी समस्या समाधान गरिने छ
- खानेपानी तथा सिचाइका लागी गैर सरकारी संस्थाहरुसित आवश्यक समन्वय सहकार्य गरि आपुर्तिमा बढोत्तरी गरिने छ ।

झ) उद्योग

- परम्परागत सीप (आरन, सिलाइ कटाइ, बेतबाँस, छालाजुत्ता, माटोका समग्री) पेशालाई लघु उद्यम व्यवसायहरु सञ्चालन गर्न दक्ष जनशक्ती उत्पादन गरी आधुनिकीकरण एवम् व्यवसायीक साना तथा मझौला उद्योगको रुपमा विकसित गरिने छ ।
- संघ, प्रदेश सरकारसँगको साझेदारीमा यस न.पा. भित्र सम्भाव्यता अध्ययन गरि औद्योगिक ग्राम स्थापनार्थको लागी प्रकृया लाई अगाडि बढाइनेछ ।
- वित्तिय साक्षरताका साथै नगरवासीहरुको बैकिङ्ग क्षेत्रमा पहुँच बढाउन वित्तिय संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।

ञ) **युवा तथा खेलकुद विकास**

- बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि युवा स्वावलम्वनका कार्यक्रम संचालन गरिने छ ।
- **"युवाको जाँगर, समृद नगर"** अभियान अन्तर्गत युवाहरुको सहयोगी समूहको सूचि तयार गरी प्रत्येक वडामा युवासँग **मेयर कार्यक्रम** संचालन गरिनेछ ।
- खेलकुद विकासका लागि सम्बन्धित संघसंस्थाहरुलाई सहकार्य गर्नुका साथै **नगर खेलकुद विकास समिति** बनाइनेछ ।
- व्यावसायिक तथा उधमशिलतामा वृद्धि गरि युवाहरुलाई स्वरोजगार तर्फ आकर्षण गर्दै त्यस्ता युवालाई अनुदानको ब्यबस्था गरिने छ ।
- शैक्षिक बेरोजगार युवाहरुलाई नगरको बिकासका लागी आर्थिक प्रोत्साहन सहितको स्वंयम् सेवकको रुपमा परिचान गरिने छ ।
- स्थानिय स्तरमा रहेका युवाहरुको सीपलाई प्रोत्साहन गरिने छ ।
- दनपा भित्र खेलकुद बिकासकालागी अत्याधुनिक **क्रिकेट, फुटवल, वास्केटवल, बक्सिङ्ग, टेबुल टेनिस, टेनिस, ब्याटमिन्टन, भालीवल र एथलेटिक्सका** स्तरिय संरचनाहरु तयार गर्न पहल गरिने छ ।
- बिभिन्न बिधामा खेल खेलेका राष्ट्रिय र अन्तरराष्ट्रिय खेलाडीहरु लाई सम्मान गरिने छ ।
- एक वडा एक खेलकुद मैदानको व्यवस्था गरिनेछ ।

ट) **उद्यमशीलता र रोजगार**

- महिला वर्गलाई लक्षित गरी लघु उद्योग स्थापना गर्न चाहने **दक्ष महिला उद्यमीहरुलाई ५० प्रतिशत अनुदान**को व्यवस्था सहित लघु उद्योग स्थापनामा प्रेरित गराइनेछ ।
- **एक वडा - एक युवा उद्यम नीति** लिइ न्युनतम रुपमा एक युवा उद्यमी समूहको स्थापना गरी उद्यमशीलता बनाई वेरोजगारी अन्त्य गरिनेछ र न्यून व्याजदरमा ऋण उपलब्ध गर्ने व्यवस्था मिलाईनेछ ।
- CTEVT को समन्वयमा जिवनउपयोगी तालिमका लागी पहल अगाडी बढाइनेछ ।
- वार्डस्तरमा रहेका साना तथा घरेलु उधोगहरुलाई प्रोत्साहन गरि अनुदानको ब्यबस्था गरिने छ

- यस स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगारहरु लाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित आयोजना हरु सञ्चालन गरि न्यूनतम रोजगारिको प्रत्याभुति गराईने छ ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रम र युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजनाहरुमा लाग्ने निर्माण सामार्गि/औजार तथा श्रमिकको ज्यालामा समेत साझेदारि गरि कार्यक्रम लाई थप शसक्त बनाइने छ ।
- संघ र प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ ।
- पालिका स्तरिय नियमित बिकास निर्माणका आयोजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।

**ठ) पर्यटन विकास पूर्वाधार**

- स्थानीय जात-जातीका कला संस्कृत झल्किने किसिमका जातीय संग्रालयको निर्माण गरिनेछ ।
- पर्यटकहरुलाई बासस्थानमै मनोरञ्जन गर्ने उद्धेश्यले स्थानीय मौलिकता झल्किने कला संस्कृति (डेउडा, हुड्केउली, छलिया, मसक बाँजा, आदि) र स्थानीय परिकार (डुप्का, बड्का, माणा, आदि) उपलब्ध गराउने गरी **होमस्टे** (Home Stay) को स्थापना गरिनेछ ।
- पर्यटनका सम्भावना अध्ययन गरि राफ्टीङ, बन्जीजम्प संचालन गर्न व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- शहिद दशरथचन्द प्रतिष्ठानलाई राष्ट्रिय प्रतिष्ठानको रुपमा स्थापना गर्न पहल गरिनेछ ।

**ड) संस्कृति तथा मठ मन्दिर संरक्षण**

- गौरा पर्व संरक्षण गर्ने उद्धेश्यले गौराघरहरु, गौराखलाहरु निर्माण गरिने छन ।
- त्रिपुरासुन्दरी, निगलाशैनी, कैलपाल, माहारुद्र, मणिलेक, जगन्नाथ, असिमीकेदार, ग्वालेककेदार-नार्गाजुन, इश्वरी गंगा धाम, देवलहाट र दानेश्वर-नार्गाजुन लगायत यस क्षेत्रका मुख्य मन्दिरहरुको संरक्षणको लागि गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- दशरथचन्द नगरपालिकामा **बैतडी सास्कृतिक महोत्सवको** आयोजना गरिने छ र स्थानिय कालाकार तथा नया प्रतिभालाई सम्मान र स्थानिय कृषि उत्पादनलाई प्रचार प्रसारमा ल्याउनु प्रर्दशनिमा राखिने छ ।
- नगर क्षेत्र भित्रका पर्यटकिय क्षेत्र, धार्मीक क्षेत्र, बजार क्षेत्र र सामुदायिक संस्थाहरुमा सौर्य सडक बत्तिको व्यबस्था गरिने छ ।

**ढ).वन तथा बाताबरण**

- सामुदायक बन, कबुलियत बन राष्टिय बन र धार्मीक बनलाई ब्यबस्थीत तथा संरक्षण गरिनेछ
- **एक गाउ एक उद्यान** अन्तरगत बृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ ।

• वन विनासको कारण उत्पन्न विपद् न्युनिकरण तथा जलवायु परिवर्तन एवं अनुकलन हुने खालका क्रियाकलापहरु बारे जनचेतना अभिवृदि गर्ने कार्यक्रम संचालन गरिनेछ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
नगरसभाका सदस्य ज्यूहरु,
**अब म आन्तरिक राजश्व श्रोत कर र अन्य तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**ण) आन्तरिक राजश्व श्रोत कर र अन्य तर्फ आर्थिक श्रोत ब्यबस्थापन :**

- बालुवा, ढुङ्गा, गिटि, पत्थर, चुनढुङ्गा र खडि खानहरु नन्दी जन्यको उत्तखन्नमा ब्यबस्थित गरि आयमा बृद्धि गरिने छ।
- नगरपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फ कर शुल्क दस्तुरका दररेटहरुलाई समय सापेक्ष अनुसार लागु गरिने छ। करको दर नवढाई सवै करदातालाई समेटी करको दायरा विस्तारको नीति लिइएको छ। कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा विविध कार्यक्रम सहित प्रत्येक बर्ष कर सप्ताह / कर जागरण कार्यकम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई ब्यवस्थित गरी वडा कार्यालयहरु बाटै कर, शुल्क दस्तुर असुल गर्ने व्यवस्थालाई थप प्रभावकारी वनाइनेछ। राजश्व परिचालनमा वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन तथा जिम्मेवार वनाउने नीति लिईने छ।
- श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न Computer Software को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाई सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ र सो कार्यलाई थप टेवा पर्याउन राज्वर्श प्रक्षेपणका लागी परामर्शदाता द्धारा अध्ययन गरिनेछ।
- नगरपालिकाको स्वामित्व, भोगाधिकार र संरक्षणमा रहेका र संरक्षणमा लिनुपर्ने भवन जग्गा जमिन, तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ। साथै निजि क्षेत्रको सहभागितालाई प्रबर्द्धन गर्न सार्वजनिक निजी साझेदारी (PPP) अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिका अतिरिक्त प्रस्तावका आधारमा Negotiation पद्धतिलाई समेत अवलम्बन गरिनेछ।
- तिन खम्बे अर्थ नीति बमोजिम स्थानीय तहमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकासमा सहकारी सँगको साझेदारी सहकार्यमा जोड दिइनेछ।
- उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धी गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई सचेत एवं दण्डित गर्ने नीति लिइनेछ।
- परिवारबाट विछोड भएका बेसहारा जिवन विताउने मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुको उद्दार गरी परिवार सँगको पुर्नमिलन गर्ने कार्यको थालनी गरिनेछ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**
**अब म फोहोरमैला तथा ढल निकास सम्वन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**फोहोरमैला तथा ढल निकास**

- नगर क्षेत्र भित्र ढल निकासको उचित व्यवस्थापनका लागि गुरुयोजना बनाई व्यवस्थित ढल निकास कार्यलाई निरन्तरता दिइनेछ।
- नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन गर्न एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण स्थल यकिन गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- **"मेरो शहर म आफै सफा गर्छु"** अभियान संचालन गरी शहरलाई सफा र वातावरणमैत्री शहर बनाउने नीति (Clean Dashrath Green Dashrath) संचालन गरिने छ ।
- सार्वजनिक स्थलहरुमा फोहोरमैला फाल्ने, पसल, उद्योग, होटेल, वर्कसप लगायतका व्यवसायिक स्थलबाट जथाभावी फोहोर फाल्ने, मापदण्ड विपरितको विज्ञापन एवम् भित्ते लेखन गर्ने, वातावरणमा प्रतिकूल असर पर्ने कामलाई निरुत्साहित गरिनेछ।
- मुख्य वजार क्षेत्रहरुमा नि:शूल्क सार्वजनिक शौचालयको व्यवस्था गरिने छ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**

**अब म विपद् व्यवस्थापन, प्रकोप नियन्त्रण सम्वन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**
**विपद् व्यवस्थापन, प्रकोप नियन्त्रण**

- आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यमूलक बनाइनेछ।
- नगरपालिकाको विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन नगर विपद् आपतकालीन कार्य संचालन केन्द्र स्तरोन्नती गरी समय सापेक्ष रुपमा संचालनमा ल्यानेछ।
- नगरपालिका क्षेत्रमा रहेका स्थानीय संघसंस्थाहरुद्वारा संचालित आपतकालिन प्रतिकार्य सामग्री भण्डारण केन्द्र र सो भण्डारण केन्द्रमा भएका सामग्री र सहयोगलाई बढी भन्दा बढी परिचालन गर्न आवश्यक साझेदारी गरिनेछ। साथै समुदायमा भएका विपद् पूर्वतयारी तथा प्रतिकार्य सामग्रीहरुलाई नगर आपतकालिन प्रतिकार्य संचालन केन्द्र मार्फत नक्साकन गरिनेछ।
- विपदको समयमा प्रयोग गर्न सकिने आश्रय स्थल तथा खुल्ला स्थानहरुको पहिचान गरी नक्सांकन गरिनेछ।
- प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरुको रोकथाम तथा न्यूनिकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पूनर्लाभका कार्यक्रम संचालन गर्न नगर विपद् व्यवस्थापन कोषमा बजेट वृद्धि गर्दै लगिनेछ। यस कोषमा सबै सरोकारवाला निकायको सहभागिता मार्फत सहयोग जुटाइनेछ।

- वारुणयन्त्र तथा एम्बुलेन्स सेवालाई चौबिसै घण्टा तयारी अवस्थामा राखी थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- उच्च जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यलाई हरेक योजनामा मूल प्रवाहीकरण गरिनेछ ।
- नगर क्षेत्रमा रहेका सामुदायिक विपद् व्यवस्थापन समिति (CDMC) हरुको क्षमता अभिवृद्धि गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- आकस्मिक विपद् तथा भैपरि आइपर्ने संकट व्यवस्थापन गर्न स्थानीय विपद् जोखीम न्यूनिकरण कार्य योजना तयारीका लागी दातृ निकाय युनिशेफ नेपाल (UNICEF NEPAL) सँगको सहकार्यमा अगाडी बढाईनेछ ।

**न्याय तथा कानुन**

- दशरथचन्द नगरपालिका लाई आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि र निर्देशिका बनाइने छ वनाईएका कानुनहरु समयानुकुल शंसोधन, परिमार्जन गरि कार्यान्वयन गरिनेछ र नयाँ कानुनको निमार्ण गर्न विधेयक समितिलाई सक्रिय गरिनेछ ।
- न्याय प्राप्त गर्ने प्रक्रिया छिटो, छरितो र सर्वसुलव बनाउन न्यायीक समितिको क्षमता विकास गरिनेछ ।
- दशरथचन्द नगरपालिकाका वडाहरुमा न्यायीक अधिकार एवं कानुनी अधिकार सम्वन्धि सचेतना अभिबृदि गरिनेछ ।
- न्यायीक समितिमा दर्ता हुन आएका उजुरीहरुलाई प्राथमिकतामा राखी न्यायीक परामर्शदाता नियुक्ति गरि न्याय सम्पादन गरिनेछ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**
**अब आर्थिक बर्ष २०७९।०८० को बार्षिक आय र व्ययको प्रक्षेपण प्रस्तुत गर्दछु ।**

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्य ज्यूहरु,**

प्रस्तुत बजेट नीति तथा कार्यक्रमले असिमित जनचाहना र अपेक्षालाई उपलब्ध साधनस्रोतको सीमाले सम्बोधन गर्न अवश्य सकिएको छैन । विकास एक निरन्तर प्रक्रिया पनि हो त्यस कारणले स्थानीय आवश्यकता, जन चाहना र अपेक्षाहरुलाई क्रमश : सम्बोधन गर्दै लगिनेछ । वजेट नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास पर्याप्त हुदैन । यसको सफल कार्यान्वयनको लागि नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार, दातृनिकाय, यस क्षेत्रका अग्रज जनप्रतिनिधिज्यूहरु, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, प्रवुद्ध वर्ग र आम नगरवासी दाजुभाइ तथा दिदी वहिनीहरुको सामुहिक प्रयास, साथ सहयोग र सहकार्य सदा झै प्राप्त हुनेछ र दनपाले परिकल्पना गरेको **"कृषी, शिक्षा, स्वास्थ्य, पर्यटन र भौतिक पुर्वाधार । सुसासन, जनमुखी प्रशासन समृद्ध दनपाको मुल आधार" ॥** ले साकार रुप लिने कार्यमा एउटा अर्को ईटा थपिने छ ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमले **"कृषी, शिक्षा, स्वास्थ्य, पर्यटन र भौतिक पुर्वाधार । सुसासन, जनमुखी प्रशासन समृद्ध दनपाको मुल आधार" ॥ को** परिकल्पनालाई सार्थक बनाउन, प्रस्ताव गरिएका पुर्वाधार निर्माण, आर्थिक, सामाजिक अभियानहरु सफल सञ्चालनबाट उपलब्धि हासिल गरीने छ ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सरकारी तथा गैरसरकारी कार्यालय, व्यावसायिक एवं वित्तिय संघ संस्थाहरु, आम संचार जगत, सचेत र जागरुक नगरवासी महानुभावहरु सबैको सहयोगको अपेक्षा गरेको छ । वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउने निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल ,विषयगत समिति, योजना तर्जुमा समिति, राजश्व परामर्श समिति, टोल विकास संस्थाहरु, जेष्ठ नागरिक मञ्च, वाल संजाल लगायत नगरमा क्रियाशील व्यावसायिक तथा सामुदायिक/सामाजिक संघ संस्थाहरु, संचारकर्मी मित्रहरु, सम्पूर्ण नगरवासीहरु र नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**कौशिला चन्द**
**संयोजक**
**बजेट तथा कार्यक्रम तर्जुमा समिति**
**दशरथचन्द नगरपालिका गडी, बैतडी**



CamScanner

निर्णय नं. ३ : यस नगरपालिका कार्यालय भवनको रंगरोगन तथा मर्मत, प्रमुख र उपप्रमुखको कार्यकक्ष व्यवस्थापन, शाखाहरू व्यवस्थापन तथा वडा नं. ०४ को वडा कार्यालय परिसरमा कार्यालय प्रयोजन सहित सार्वजनिक शौचालय निर्माण कार्य गर्न अति आवश्यक भएकोले सो कार्यलाई नियमानुसार संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : यस नगरपालिकाको गोठलापानी बाजार क्षेत्र र गढी बाजार क्षेत्रमा बर्षातका कारण सडक जिर्ण भई आवत जावतमा असहज भएकोले सो कार्यलाई नियमानुसार अगाडी बढाउने निर्णय गरियो ।

CamScanner